*"देवदहको प्रतिवद्धता, सरसफाईमा पूर्णता"*

# देवदह नगरपालिका

देवदह, रुपन्देही

## खुल्ला दिसामुक्त क्षेत्र अभियान र उपलब्धी

**१. परिचय :** प्राचिन कोलीय राज्यको राजधानी देवदह पश्चिमाञ्चलको रुपन्देही जिल्लामा पर्दछ। गौतमबुद्धको जन्मस्थल लुम्बिनीदेखि ३५ किलोमिटर उत्तर पूर्वमा अवस्थित देवदह एतिहासिक एंव बुद्धको मावलीस्थलको रुपमा प्रशिद्ध रहेको छ। भगवान गौतम बुद्धको मावली कोलिय राज्यको राजाधानी देवदहको नामबाट नामाङ्कित देवदह नगरपालिकामा २०६८ को जनगणना अनुसार ९५६७ घरधुरी र ४२९५३ जनसंख्या रहेको छ । यस नगरपालिकाको पूर्वमा सुनवल नगरपालिका पश्चिममा बुटवल उप माहानगरपालिका उत्तरमा पाल्पा जिल्लाको गोठादी गा.बि.स., चुरे पहाड र दक्षिणमा सिक्टहन गा.बि.स. को बिचमा पर्यटकीय नगरी को रुपमा रहेको छ । कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहेको, गौतम बुद्धको मावली गाँउ, लाई लुम्बिनी आउने पर्यटक भित्राउन सक्ने उत्तिकै सम्भावना रहेको, प्राकृतिक श्रोत र साधन भएको , विभिन्न जातजातीहरुको सांस्कृतिक सम्पदाको भण्डार रहेको हुदा बजारीकरण गर्न सकिने सम्भावना रहेको नगर को रुपमा छ । सन् २०१७ सम्म नेपाललाई खुल्ला दिसामुक्त देश घोषणा गर्ने राष्ट्रिय संकल्प अनुरुप नेपालका विभिन्न गा.वि.स., नगरपालिका, जिल्ला, अञ्चलहरुले आ-आफ्नो क्षेत्रलाई खुललादिसामुक्त क्षेत्र घोषणा गर्ने कार्य विगत केहि बर्ष देखि तिब्रताका साथ भईरहेको छ । उक्त अभियान अनुरुप यस देवदह नगरपालिकालाई पनि खुलादिसामुक्त नगर घोषणा गरी राष्ट्रिय संकल्प लाई पुरा गर्नुपर्ने हाम्रो दायित्व हो । देवदह नगरपालिका नेपाल सरकारको मिति २०७१ बैशाख २५ गतेको निर्णय अनुसार घोषणा भएको हो । साविकका केरवानी गा.वि.स. र देवदह गा.वि.स. मिलेर बनेको नगरपालिकामा देवदह गा.वि.स. लाई साविकमा गा.वि.स. छदैं खल्ला दिसामुक्त क्षेत्र घोषणा भईसकेको भएपनि केरवानी गा.वि.स. लाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्न बाँकी रहेको अवस्थामा नगरपालिका स्थापना भएकोले नगरपालिकालाई नै खुल्ला दिसामुक्त क्षेत्र घोषणाको अवस्थामा रहेका छौं ।

**२. घर परिवार तथा जनसंख्या विवरण :**

| क्र.सं. | वडा नं. | घर परिवार संख्या | | जम्मा | जनसंख्या | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १ | साविक केरवानी १ | ३०३ | ८३३ | साविक केरवानी १ | १७१७ | ४२३७ |
| | | साविक केरवानी २ | ५३० | | साविक केरवानी २ | २५२० | |
| २ | २ | साविक केरवानी ३ | १७९ | ८५७ | साविक केरवानी ३ | ८३४ | ३७०० |
| | | साविक केरवानी ४ | ६७८ | | साविक केरवानी ४ | २८६६ | |
| ३ | ३ | साविक केरवानी ५ | २३१ | ६९८ | साविक केरवानी ५ | १०८५ | ३३४६ |
| | | साविक केरवानी ६ | ४६७ | | साविक केरवानी ६ | २२६१ | |
| ४ | ४ | साविक केरवानी७ | ४१४ | ५७४ | सावक केरवानी७ | १८६४ | २६५० |
| | | साविक केरवानी ८ | १६० | | साविक केरवानी ८ | ७८६ | |
| ५ | ५ | साविक केरवानी ९ | १७० | | साविक केरवानी ९ | ८०६ | ८०६ |
| ६ | ६ | साविकदेवदह १ | ३१५ | १३६५ | साविक देवदह १ | १५१७ | ६१२० |
| | | साविक देवदह २ | १०५० | | साविक देवदह २ | ४६०३ | |
| ७ | ७ | साविक देवदह३ | ८०२ | ८०२ | साविक देवदह३ | ३६११ | ३६११ |
| ८ | ८ | साविक देवदह४ | ३७८ | १३३१ | साविक देवदह ४ | १६२४ | ५६५० |
| | | साविक देवदह५ | ९५३ | | साविक देवदह ५ | ४०२६ | |
| ९ | ९ | साविकदेवदह ६ | ८६५ | ८६५ | साविक देवदह ६ | ३९२९ | ३९२९ |
| १० | १० | साविक देवदह७ | ४१९ | ८२४ | साविक देवदह७ | १७६२ | ३५६९ |
| | | साविक देवदह ८ | ४०५ | | साविक देवदह ८ | १८०७ | |
| ११ | ११ | साविक देवदह ९ | १२४८ | १२४८ | साविक देवदह ९ | ५३३५ | ५३३५ |
| **जम्मा** | | | | **९५६७** | **जम्मा** | | **४२९५३** |

सफा रहौं, स्वस्थ बनौं

## २. खुल्ला दिसामुक्त अभियान शुरु देखि हालसम्म :

### क) साविक देवदह गा.वि.स. :

साविक देवदह गा.बि.स मा जिल्ला बिकास समितिको प्रयासबाट केही शौचालय निर्माण गर्ने कार्य को थालनी भए पश्चात फ्रेण्ड सर्भिस काउन्सिलले प्रथम चरणको कार्यक्रम अन्तर्गत शौचालय निर्माणमा आवश्यक सहयोग पुगेको थियो । यस अभियानमा तत्कालिन V-Wash-cc चरङ्गे खानेपानी, भुमिगत खानेपानी चरङ्गे, रम्बादेवि खानेपानी चरङ्गे ,भलुही खानेपानी ,बुद्धनगर सामुदायिक वन ,अल्की सामुदायिक वन लगाएतका संस्थाहरुले सहयोग गरेका थिए ।

| क्र.सं. | आ.ब. | शौचालय नभएका घरधुरी | बजेट | उपलब्धी |
|---|---|---|---|---|
| १ | ०६६/०६७ | १८४६ | ७००००/- | १२० वटा शौचालय घर फ्रेण्ड सर्भिस काउन्सिलको साझेदारीमा |
| २ | ०६७/०६८ | १७२६ | ७००००/- | १२० घुम्तीकोष परिचालन, फ्रेण्ड सर्भिस काउन्सिल |
| ३ | ०६७/०६८ | १६०६ | जि.बि.स. | ६ घरधुरी अनुदान सहयोग |
| ४ | ०६८/०६९ र ०६९/०७० | १६०० | ३५५९५३८/- | १६०० घरधुरी |

### ख) साविक केरवानी गा.वि.स. :

साविक केरवानी गा.वि.स. मा २५६३ घरधुरी मा शौचालय नभएका घरधुरी ११५७ मा समेत शौचालय निर्माण गरी खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने कार्य को सुरुवात मिति २०६६/१२/१० वाट सुरुमा पुर्ण सरसफाई समिति त्यस पश्चात केरवानी गा.वि.स. स्तरिय खानेपानी, सरसफाई तथा स्वाच्छता समन्वय समिति ( V.WASH.CC.) वाट कार्यक्रम संचालन गरि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा खानेपानी संस्थाहरु, उपस्वास्थ्य चौकी, महिला तथा आमा समुहहरु, क्लव तथा अन्य संघ संस्थाहरुले सहयोग गरेका थिए ।

| क्र.सं. | आ.ब. | घरधुरी शौचालय | बजेट | उपलब्धी |
|---|---|---|---|---|
| १ | ०६५/०६६ | ११५७ | | तथ्याङ्क संकलन |
| २ | ०६६/०६७ | ७८७ | ३,९७,७२७/- | ३७० शौचालय निर्माण भएको |
| ३ | ०६७/०६८ | ३२२ | ६,१६,८९३/- | ४६५ शौचालय निर्माण भएको |
| ४ | ०७०/०७१ | ३२२ | | ३२२ शौचालय निर्माण भएको |

### ग) नगरपालिका स्थापना पश्चातको विवरण :

साविकका गाविसहरु देवदह र केरवानी मिलेर मिति २०७२ बैशाख २५ गते नेपाल सरकार द्वारा देवदह नगरपालिका घोषणा भएपछि खुला दिसामुक्त नगरपालिका घोषणा गर्ने दायित्व देवदह नगरपालिकाको जिम्मेवारी अनुरुप नगरपालिकास्तरिय M-WASH-CC गठन भई बाँकी कार्यलाई मूर्तरुप दिईयो ।

| साविक गा.वि.स. | आ.ब. | घरधुरी | बजेट | उपलब्धी |
|---|---|---|---|---|
| साबिक देवदह | ०७१/०७२ | ५१ थप भएका र छुट भएका घरधुरी | ६ लाख (प्रारम्भिक) | ५१ घरधुरी |
| साबिक केरवानी | ०७१/०७२ | २२४ घरधुरी | | २२४ घरधुरी |

### देवदह नगरपालिका भित्रको खानेपानी को अवस्था :

| क्र.सं | खानेपानी संस्थाको नाम | समेटेको वडा | क्षमता/घरधुरी | लाभान्भीत घरधुरी |
|---|---|---|---|---|
| १ | देवदह खानेपानी | ६, ,७, ८ र ९ | १४०० | २१०० |
| २ | देवदह खा.पा.बारिङ्ग योजना | ६, ७ र ८ | ६०० | निर्माणाधीन |
| ३ | भलुही खानेपानी | १० | ८०० | ४५० |
| ४ | केरवानी खानेपानी | १, २ | १२०० | निर्माणाधीन |
| ५ | मयादेवी खानेपानी | ३, ४ र ५ | १२०० | निर्माणाधीन |
| ६ | चरङ्गे खानेपानी | ११ | ६०० | ६०० |
| ७ | दाउन्ने खानेपानी | ६ | २०० | १५० |
| ८ | शित्तलनगर खानेपानी | ८ | २०० | निर्माणाधीन |

# पूर्णसरसफाई अभियानका ५ + १ सूचकहरू

सूचक नं. १. चर्पीको प्रयोग

- सवैले सधै चर्पीमा दिसा पिसाव गर्ने गरेको
- चर्पीको सरसफाई नियमित गर्ने गरेको
- चर्पीको लागि सावुन र पानीको व्यवस्था भएको

सूचक नं. २. सुरक्षित पानी

- पानी पिउने, खनाउने, राख्ने भाडो सफा र छोपेर राखेको
- सुरक्षित मूहान। वितरण प्रणालीको पानी पिउने गरेको।
- घरायसी तहमा शुद्दिकरण गरेर मात्र पानी पिउने बानि भएको

सूचक नं. ३. साबुन पानीले हात धुने बानी

- चर्पीको प्रयोग पछि
- खाना बनाउनु, खानु र खुवाउनु अघि
- कुनै फोहर कुरा । विषादी छोएपछि
- विरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि

सूचक नं. ४. सुरक्षित खाना खाने गरेको

- भान्साकोठा सफा राख्ने
- पकाएको र नपकाएको खानेकुरालाई छुट्टा छुट्टै राख्ने
- खाना राम्ररी पकाउने र पकाएको खाना छोपेर राख्ने
- उपयुक्त तापक्रममा राखि संरक्षण गर्ने
- सुरक्षित पानी र खाद्य वस्तुको मात्र प्रयोग गर्ने

सूचक नं. ५. सफा घर आगन

- घर आगन सधै सफा गरेको
- घरवाट निस्कने फोहरको वर्गीकरण तथा व्यवस्थापन गरेको
- घरवाट निस्कने फोहर पानिको व्यवस्थापन गर्ने गरेको
- धुवा रहित भान्सा कोठा

सूचक नं. ६ सफा वातावरण

- खुल्ला दिसा मुक्त अवस्था भएको गाऊ
- सफा बाटोघाटो चौतारा तथा अन्य सार्वजनिक स्थलहरु
- संरक्षित पानीको मूहानहरू र वितरण प्रणाली
- सफा खोला नदि नालाहरु
- वायु प्रदुषण नभएको
- फोहर मैलाको व्यवस्थापन भएको
- हरियाली वातावरण, पार्कको व्यवस्था भएको

**देवदह नगरपालिकाको सरसफाई सम्बन्धी आचार संहिता**

देवदह नगरपालिकालाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गराउने क्रममा विभिन्न वडा तथा टोलहरुबाट आएको सुझाव अनुसार निम्नलिखित सरसफाई सम्बन्धी आचार संहीता तयार गरी देवदह नगरपालिकालाई खुल्ला दिसामुक्त नगर घोषणा मिति २०७२ साल जेष्ठ २७ गते देखि पालना गर्ने प्रतिबद्धतासाथ यो आचार संहीता जारी गरिएको छ ।

१) सधै चर्पीमा दिसा गर्नेछौं, खुल्ला ठाउँमा दिसा गर्ने छैनौं ।

२) हामी सधै आफ्नो घरको चर्पीको नियमित सरसफाई गर्नेछौं । र बिग्रेमा वा भत्केमा मर्मत सम्भार गर्ने छौं ।

३) नगरलाई खुल्ला दिसामुक्त बनाईराख्न आफ्नो घरको चर्पी अन्य व्यक्तिहरुलाई पनि प्रयोग गर्न दिनेछौं ।

४) आफ्नो दिसा धोएपछि वा बच्चाको दिसा धोएपछि, आफूले खाना खानु र बच्चालाई खाना खुवाउनु अघि र खाना तयार गर्नु अगाडी सधै सावुन पानीले हात मिचि-मिचि धुनेछौ ।

५) नगरका सबै कार्यालय तथा संघसंस्थाहरुले आ-आफ्नो शौचालयहरु नियमित रुपमा सफा राखी कार्यालयहरुमा सबै सेवाग्राहीको लागि खानेपानीको सुविधा प्रदान गर्नेछौं ।

६. नगरपालिकाभित्रका टोल सुधार समितिहरुले अनिवार्य रुपमा हरेक हप्ताको शनिबार १ घण्टा घर, आँगन, टोल, सार्वजनिकस्थल र सम्पदाहरुको सरसफाई र संरक्षण गरिनेछ ।

६) देवदह नगरपालिका भित्रका सबै विद्यालयहरुले आ-आफ्नो विद्यालयका शौचालय, खानेपानी र अन्य सरसफाईका सुविधाहरु नियमित रुपमा व्यवस्थित गर्नु गर्नेछौं ।

७) देवदह नगरपालिकाले नगर क्षेत्रको खुल्ला दिसामुक्त क्षेत्र स्थायित्वका लागि “पूर्ण सरसफाई” कार्यक्रम संचालन गर्न बार्षिक बजेट विनियोजन गर्नेछौं ।

८) नगरपालिकामा गठित खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले कम्तिमा अर्धबार्षिक रुपमा अनुगमन गरी सरसफाईमा उत्कृष्ट कार्यालय तथा संघ संस्थालाई राष्ट्रिय सरसफाई सप्ताहको अवसरमा उत्कृष्ट सरसफाई पुरस्कार प्रदान गर्नेछ ।

९) बिस्कुट, चाउचाउ, चक्लेटका खोल लगाएत प्लाष्टिकजन्य फोहोर जथाभावी रुपमा फाल्ने छैंनौं ।

१०) हामी सधै आफ्नो घरमा खानेपानी छोपेर राख्ने छौं र पानी राख्ने भाँडा सफा राख्ने छौं ।

११) आफ्ना घरमा पालेका पशुपंक्षीले गरेको फोहोरहरु, मरेका पशुपंक्षी र घरबाट निस्केका घरेलु फोहोर जथाभावी नफाली उचित व्यवस्थापन गर्न प्रतिबद्ध रहने छौं ।

## पूर्ण सरसफाई रणनितिक कार्ययोजना :

**१. व्यक्तिगत तथा घर परिवारभित्रको सरसफाईलाई प्रभावकारी बनाईनेछ।**

- चर्पीको नियमित प्रयोग लाई अनिवार्य बनाईनेछ।
- महत्वपूर्ण अवस्थाहरुमा साबुनपानीले हात धुने अभ्यास लाई अनिवार्य गरिनेछ।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र सुद्दिकरण गरिनेछ।
- व्यक्तिगत सरसफाई ,स्वच्छता कायम गर्ने) नियमित नङ काट्ने ,नुहाउने ,लुगा धुने ,दैनिक कपाल कोर्ने ,दाँत माझ्ने( कार्यलाई दैनिकी अभ्यासको रुपमा रुपान्रण गरिनेछ।
- घर भित्र र बाहिरका तरल र ठोस फोहर मैलाको उचित व्यवस्थापन गरिनेछ। बस्ती विकास गर्दै लैजाने।

**२. सार्वजनिक,सामुदायिक निकाय र संघ संस्थाको सरसफाईलाई व्यवस्थित बनाईनेछ।**

- सबै संघ सस्थामा स्वच्छपानीले हात धुने सुविधा र फोहर निष्काशनको उचित -साबुन ,सफा र प्रयोगकर्ता मैत्री चर्पी , व्यवस्थामिलाइनेछ।
- सवै संस्थाहरुले आ-आफ्नो संस्थाको परिसर भित्रको र वरीपरीको वातावरण सफा र स्वच्छ बनाउन अनिवार्य गराईनेछ।

**३. सरसफाईमा टोल सुधार समितिको भूमिकालाई अग्रणी र मर्यादित बनाईनेछ।**

- आ-आफ्नो टोलहरुमा फोहोर व्यवस्थापनको लागि स्थानिय स्रोत र साधनको प्रयोग गरी फोहोर कन्टेनरको व्यवस्था मार्फत उचित ठाँउमा विसर्जन हुने गरी व्यवस्था मिलाउने छ।
- शौचालयको प्रयोगका फाईदाहरु आफ्नो टोल छिमेकमा निरन्तर रुपमा प्रचार प्रसार गरिनेछ।
- नगरपालिकामा अनिवार्य सूचिकृत गरी टोल सुधार समितिहरुले अनिवार्य रुपमा हरेक हप्ताको एक दिन शनिबार १ घण्टा घर, आँगन, टोल, सार्वजनिकस्थल र सम्पदाहरुको सरसफाई र संरक्षण गरिनेछ।

**४. प्रत्येक विद्यालयले नगरपालिकाको समन्वयमा सरसफाई आचारसंहिता तयार गरि पालना गरिनेछ।**

- विद्यालयको वातावरणलाई स्वच्छ र सफा बनाइनेछ।
- कक्षाकोठामा ढकनसहितको डष्टविन राखिनेछ।
- सार्वजनिक/निजी विद्यालयहरुको शौचालय लैंगिकमैत्री/अपाङ्गमैत्री बनाईनेछ।
- विद्यालयमा स्वच्छ खानेपानीको सुनिश्चित गरिनेछ।
- शुक्रबारको अतिरिक्त क्रियाकलापमा सरसफाई सम्बन्धी निबन्ध, कविता लगाएत प्रतिस्पर्धात्मक प्रतियोगिता संचालन गरिनेछ।
- हरेक विद्यालयमा वातावरणमैत्री फोहोर व्यवस्थापनको प्रवन्ध गरिनेछ।

**५. सरसफाईमा संस्थागत सुदृढिकरण प्रभावकारी बनाईनेछ।**

- नगरस्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिको भूमिकालाई नितीगत समन्वय र अनुगमन प्रभावकारी बनाईनेछ।
- अर्धवार्षिक रुपमा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरिनेछ।
- अभिलेख व्यवस्थापन प्रभावकारी बनाईनेछ।
- अध्ययन तथा मूल्यांकन गरी पृष्ठपोषणका आधारमा निरन्तर सुधार गरिनेछ।

**६. सडक/राजमार्ग/सार्वजनिकस्थलको सरसफाई प्रभावकारी बनाईनेछ।**

- पूर्व पश्चिम राजमार्गका यात्रुहरुलाई सुविधा सम्पन्न शौचालय निर्माण गरिनेछ।
- सहायक राजमार्ग हरुमा आवश्यकता अनुसार शौचालय निर्माण गरिनेछ।
- मठ, मन्दिर, पार्क, पिकनिक स्थलहरुमा शौचालय र फाहोर व्यवस्थापनको आवश्यक प्रवन्ध गर्न सरोकारवालासंग समन्वय गरी सुदृढ र व्यवस्थित गरिनेछ।

**७. खानेपानीको उचित प्रवन्ध गरिनेछ ।**

- खानेपानीको मुहान संरक्षण गर्ने, स-साना श्रोत हरुलाई एकिकृत गरिनेछ ।
- भु-कटान ,बाढि पहीरो संरक्षण गर्ने, परम्परागत कुवाहरुको संरक्षण गरिनेछ ।
- खोला नाला संरक्षण तथा खाने पानी को मुहान व्यावस्थापन गर्दै वितरण प्रकृया अगाडी बढाउनेछ ।
- खानेपानिको पोखरी निर्माण गर्ने तथा ठुला खानेपानी आयोजना संचालन गरिनेछ ।
- साना खानेपानी आयोजना हरु व्यावस्थापन गर्दै ग्रामिण खानेपानी योजना संचालनमा ल्याउने ।
- देवदह भित्रका खानेपानी समितिहरुको सञ्जाल मार्फत शुद्ध खानेपानी आपूर्ति निति तय गरी लागु गरिनेछ ।
- खानेपानीको क्षमता विकास गर्दै भौतिक निर्माण गर्ने,आर्सेनिक पानी न्यूनिकरण गर्ने तथा शुद्ध खानेपानीको आपूर्ति व्यावस्थापनलाई समन्वयात्मक र परिपुरक रुपमा साझेदारीमा कायम गरिनेछ ।

**८. कतव्य र अनुशासन :**

- व्यक्तिगत तथा संस्थागत नया निर्माण हुने घर तथा भवनहरुमा अनिवार्य रुपमा शौचालय हुने व्यवस्था कडाईका साथ कार्यान्वयन गरिनेछ । यसको लागि थप सुविधा उपलब्ध गराईने छैन ।
- सरसफाई आचार संहिताको पालनालाई नगरपालिकाको सेवा सुविधा संग जोडी अनिवार्य गराईनेछ । पालना नभएमा सेवा सुविधा रोक्का गर्न सकिनेछ ।
- विद्यालय, टोल सुधार समिति, संघ संस्थाहरुले सरसफाई गरेको योगदानको प्रशंसा गर्दै निरन्तर उत्प्रेरेणा प्रदान गरिनेछ ।

**९. सरसफाइमा निजी क्षेत्रको भूमिका अग्रणी र प्रभावकारी बनाईनेछ ।**

- घर, सार्वजनिक निकाय, हाटबजार क्षेत्रबाट निश्कासन हुने फोहोरको व्यवस्थापन निजी क्षेत्रको लागत साझेदारीमा गरिनेछ ।
- शहरका मुख्य क्षेत्रमा निजी क्षेत्रमा निजी क्षेत्र मार्फत फोहोर कन्टेनर व्यवस्था गरिनेछ ।
- डम्पिङ्ग साइट निर्माण, फोहोर प्रशोधन गर्ने कार्यमा निजी क्षेत्रको लगानी प्रमुख बनाइनेछ ।

**धन्यवाद ।**